# *संविधानमा समावेश हुनुपर्ने हाम्रो प्रस्ताव - असहमतिका बुँदाहरु*

१. *संविधान निर्माणका आधार :*
***नेपाल कम्युनिष्ट पार्टी माओवादी र सात राजनीतिक दल (नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदूर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपाल)*** *बीच भएको १२ बुँदे समझदारीपत्र, दोस्रो समझदारी, २५ बुँदे आचार संहिता, आठ बुँदे सहमति र त्यसपछि भएका सहमतिहरु तथा प्रतिनिधि सभाको घोषणा २०६३ एवम् २०४६ सालको जनआन्दोलनव्दारा प्रत्याभूत अधिकार र २०६२-६३ को जनआन्दोलनव्दारा प्राप्त जनादेशको भावना र मर्म*

२. अन्तरिम संविधानको निर्माणका आधार र संविधान निर्माणको लक्ष प्रस्तावनामा मुखरित हुनु आवश्यक हुँदा निम्नलिखित तथ्यलाई स्मरण गर्नुपर्ने हुन्छ :

- लामो समयदेखि निरंकूश राजतन्त्र र लोकतन्त्र वीचको संघर्ष चल्दै आएको
- दशबर्षदेखि जारी सशस्त्र व्दन्दको अग्रगामी निकाशव्दारा समाधान गरी शान्ति स्थापना गर्नु
- लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपालको निमित्त प्रमुख बाधक निरंकूश राजतन्त्र रहेको
- निरंकूश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी
- जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार रहेको
- अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरी लक्ष हासिल गर्ने
- निरंकूश राजतन्त्रको अन्त्यपछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी जनमुक्ति सेना र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने
- निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार गर्ने
- प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.माओवादीको प्रतिवद्धता
- शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरुसँग असल छिमेकीको सम्बन्ध कायम राख्ने
- १२ बुँदे समझदारी अनसार ने.क.पा. माओवादी र सातदलको आह्वानमा नागरिक आन्दोलन, बिभिन्न पेशा व्यवसायीक संगठनहरु र लोकतन्त्रपक्षधर नेपाली जनता सहितको संयुक्त जनआन्दोलनव्दारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र रहेको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा रहेको
- उपरोक्त तथ्यहरुलाई ध्यान दिई २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरुको प्रत्याभूत गर्दै १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावना र आठ बुँदे सहमति समेतलाई आधार बनाई अन्तरिम संविधान निर्माण गर्नुपर्ने देखिन्छ।
- वैशाख ११ गतेको घोषणामा राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई स्वीकारी जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना र आन्दोलनरत राजनैतिक दलको गठबन्धनको मार्गचित्रका

आधारमा मुलुकमा जारी हिंसात्मक व्दन्द लगायत समग्र समस्याहरुको समाधान गर्नुपर्ने तथ्यलाई स्वीकारेको

- घोषणाकै रुपमामात्रै भए पनि राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार नेपाली जनताको प्रतिनिधि संस्था प्रतिनिधि सभाले लिइसकेको हुँदा जनआन्दोलनको भावना र जनादेश अनुरुप राजा बारे निर्णय लिने सम्पूर्ण अधिकार अब प्रतिनिधि सभामा रही राजाको सम्पूर्ण अधिकारहरुको कटौति गरिसकेको
- नेपाललाई हिन्दू अधिराज्य मानी हिन्दू धर्मावलम्बी राजा रहँदै आएकोमा उसको सम्पूर्ण अधिकार कटौति भई धर्म निरपेक्ष राज्य घोषणा भइसकेको सन्दर्भमा एक धर्मका मात्र प्रतिनिधि राजाको औचित्य समाप्त भइसकेको
- लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपालको निमित्त प्रमुख बाधक रहेको निरंकूश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नु भनेको राज्य संरचनामा बिभिन्न जात जाति धर्म सम्प्रदाय भाषा र संस्कृति भएका नेपाली जनता प्रत्यक्ष समावेश हुनसक्ने गणतान्त्रीक राज्य व्यवस्थालाई संस्थागत गरेर मात्र हुन सक्दछ
- तेसैले, अन्तरिम संविधानको एक मात्र मूल लक्ष भनेको जनआन्दोलनको भावना र जनादेश अनुरुप मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता तथा बिभिन्न जात जाति धर्म सम्प्रदाय भाषा र संस्कृति भएका नेपाली जनताको राष्ट्रिय एकतालाई सुदृढ गर्न संविधान सभाबाट राज्यको पुर्नसंरचना सहितको समावेशी गणतान्त्रिक राज्य व्यवस्था स्थापना गर्ने उच्चतम उपाय सहितको नयाँ संविधान छिटो निर्माण गरी दिगो शान्ति र अग्रगामी निकाश गर्नु हुनुपर्दछ ।
- नेपाल राज्यको ऐतिहासिक सन्दर्भमा सामन्तवादको मूल जरो भनेको सामन्ती राजतन्त्र रहेको हुँदा राजतन्त्र रहुन्जेल पूर्ण लोकतन्त्रको स्थापना र विकास हुन सम्भव नभएको तथ्य २३७ बर्षको जहानिया राजतन्त्रको ईतिहासबाट प्रमाणित भइसकेको हुँदा पूर्ण लोकतन्त्र प्राप्तिको विकल्प राजनैतिक व्यवस्था भनेको लोकतान्त्रिक गणतन्त्र नै हो भन्ने निर्विवाद रहेको,
- घोषणाकै रुपमा मात्र भए पनि प्रतिनिधि सभा घोषणा २०६३ पछि राज्य संयन्त्रमा राजाको कुनै स्थान नरहेको स्पष्ट भइसकेकोले सार्वभौमसत्तासम्पन्न राज्यशक्तिको श्रोत नेपाली जनताले संविधान सभाको माध्यमबाट नेपाल र नेपालीको स्थायित्व र विकासका लागि अग्रिम निकाश दिने संविधान निर्माण गर्नु अपरिहार्य भएकोले संविधान सभाको निर्वाचनबाट आधारभूत मानव अधिकार, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, कानूनी न्याय मात्र हैन वास्तविक न्यायको प्रत्याभूत गर्न जनमुखी सक्षम र स्वतन्त्र न्यायपालिका पूर्ण लोकतान्त्रिक संविधान निर्माण गर्ने मुख्य लक्ष हुनु पर्दछ
- सो मूल लक्ष प्राप्तिका लागि संविधान सभाको निर्वाचनमा जानु अगावै राजतन्त्रको अन्त्य गरी राजतन्त्रका बिषयमा फेरि कुनै प्रकारको आन्दोलन गर्नु नपर्ने शान्तिपूर्ण वातावरण र निकाश खोज्नु अतिआवश्यक र अनिवार्य पनि छ । तेसैले, सो आकाँक्षा पूर्तिका लागि अन्तिम संविधान निर्माणकै क्रममा राजतन्त्रको अन्त्य गरिनु पर्ने हुन्छ ।
- राजतन्त्र रहेसम्म सदियौंदेखि राजाप्रति वफादारी रहँदै आएको नेपाली सेना वास्तविकरुपमा मन्त्रिपरिषद वा नेपाली नागरिकप्रति वफादार रहने कुरै आउँदैन । तेसैले अन्तरिम संविधानबाट नै राजालाई सँधैका लागि विदा दिई प्रादेशिक संघीय गणतन्त्रको घोषणा गर्नु टडकारो आवश्यक भएको

३. ***हाम्रो प्रस्तावहरु*** :

(क) उपरोक्त कुराहरुलाई केन्द्रबिन्दू बनाई राजाको स्थान संविधानमा नराखी प्रादेशीक संघीय गणतन्त्रात्मक राज्यको संविधानसभाबाट नयाँ संविधान बनाउने मूल लक्ष रहेको कुरा संविधानको प्रस्तावनामा मुखरित गरिनु आवश्यक रहेको हुँदा प्रस्तावनामा प्रादेशिक जातीय स्वशासन स्वायत्तता र आत्मनिर्णयको अधिकारको प्रत्याभूति गर्नु पर्ने आवश्यक भएकोले ,आत्मनिर्भर अर्थतन्त्र, क्रान्तिकारी भूमिसुधार, वास्तविक न्यायलाई प्रवर्धन गर्ने जनमुखि न्यायप्रणालीको विकास गर्न आवश्यक भएको जस्ता विषयहरु समेटनु पर्ने भएकाले केही संशोधन प्रस्तावसहित परिमार्जन गरेका छौं ।

(ख) राष्ट्रिय चिन्ह, जनावर, रंग, फूल आदि कुरा संविधानमा राखि विवाद सृजना गर्नु उपयुक्त हुँदैन, कानूनमा व्यवस्था भए बमोजिम हुने गरिनुपर्दछ ।

(ग) राज्यको निर्देशक सिद्धान्त र नीतिमा सामन्ती भूस्वामित्वको अन्त र जसको जोत उसको पोतलाई वास्तविक अर्थमा कार्यान्वयन गर्नका लागि क्रान्तिकारी भूमिसुधार अपरिहार्य हुँदा सो कार्यक्रम लागू गर्ने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था राखिनु पर्दछ ।

(ङ०) सात राजनैतिक दल र ने.क.पा.माओवादीको सहमतिमा प्रतिनिधि सभाको अधिकार आन्दोलनरत राजनैतिक दलहरु, नागरिक आन्दोलन र पेशा व्यवसायीक संगठनका प्रतिनिधि, बिभिन्न जातजाति, भाषाभाषि समुदाय र सम्प्रदायहरुको प्रतिनिधित्व रहने गरी बृहद राजनैतिक सम्मेलनलाई प्रदान गर्ने गरी प्रतिनिधि सभाको बिघटन गरी अन्तरिम व्यवस्थापिकाको निर्माण गर्नुपर्ने ।

(च) संवैधानिक निकायका पदाधिकारीहरुको नियुक्ति र पुनर्नियुक्ति अहिलेको परिवर्तित बिशेष परिस्थितिको सन्दर्भमा संविधान सभाबाट नयाँ संविधान निर्माण नहुन्जेल अन्तरिम र बिशेष व्यवस्था गरी मन्त्रिपरिषदको सिफारिसमा व्यवस्थापिकाबाट सुनुवाई र नियुक्ति हुने व्यवस्था गरिनु पर्दछ ।

(छ) १५ बर्षको अनुभवमा न्यायपरिषद्‌ले न्यायपालिकालाई सही दिशा निर्देश गर्न तथा न्यायपालिकालाई सक्षम र स्वच्छ बनाउन असफल भएको तथ्यलाई मध्यनजर राखी न्यायाधीशहरुलाई नेपाली जनताप्रति उत्तरदायि बनाउन न्यायाधीशको नियुक्ति र पुनर्नियुक्ति अहिलेको परिवर्तित बिशेष परिस्थितिको सन्दर्भमा संविधान सभाबाट नयाँ संविधान निर्माण नहुन्जेल अन्तरिम र बिशेष व्यवस्था गरी मन्त्रिपरिषदको सिफारिसमा व्यवस्थापिकाबाट सुनुवाई र नियुक्ति हुने व्यवस्था गरिनु पर्दछ । यसो हुदा संवैधानिक परिषद,न्यायपरिषद र सुरक्षा परिषद जस्ता अंगहरु राखिराख्न आवश्यक नहुने तिनको अधिकार मन्त्रीपरिषदलाई नै दिन उपयुक्त हुने ।

(ज) न्यायपालिकालाई जनउत्तरदायी वनाउन विकल्पका रुपमा न्यायप्रशासनका बिषयमा नीतिगत निर्णय गर्ने बिषयमा सिफारिस गर्न न्याय परिषद्‌को गठन गर्ने प्रावधान रहने हो भने, न्याय परिषद्‌मा प्रधान न्यायाधीश, न्याय मन्त्री, प्रधान न्यायाधीशले तोकेको एक जना न्यायाधीश, ने.बा.ए.को सिफारिसमा वरिष्ठ अधिवक्ता वा अधिवक्ता दुई जना, व्यवस्थापिकाको तर्फबाट प्रभावकारी उपस्थिति जनिने गरी प्रभावकारी संयन्त्र वनाई जनभावनालाई व्यवस्थापिकाको माध्यमबाट मुखरित गरिनुपर्दछ ।

(झ) राज्यको प्रत्येक संरचनामा जनसंख्याका आधारमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम सहभागी गराउने व्यवस्था हुनु पर्दछ ।

(ञ) राजनैतिक दल वा सँगठनको कार्य समितिमा दलित, महिला, आदिवासी जनजाति र मधेशी समुदायको समुचित संख्यामा प्रतिनिधित्व रहने व्यवस्था हुनुपर्दछ ।

(ट) बाबुको नागरिकता नभएको, लालपूर्जा नभएको जस्ता कारणबाट वास्तविक नेपाली नागरिकले नागरिकता पाउन नसकिरहेको स्थितिलाई ध्यानमा राखी नागरिकताको समस्या समाधानका लागि वास्तविक नेपाली नागरिकलाई सरल र शिघ्र नागरिकता प्रमाणपत्र उपलव्ध गराउन सर्वदलीय नागरिकता आयोग गरी स्थानीयरुपमैं टोली खटाई नागरिकता उपलव्ध गराउनुपर्दछ ।

(ठ) सेना सम्बन्धी व्यवस्थामा १२ बुँदे समझदारी र पछिका सहमतिहरु समेतलाई आधार बनाई संविधान सभाको निर्वाचन भई नयाँ संविधान निर्माण नहुन्जेलको अन्तरिम अवधिमा नेपाली सेना र जनमुक्ति सेनाको एकीकृत व्यवस्थापन एवम् परिचालन सेनाको परमाधिपति प्रधानमन्त्रीले गर्ने व्यवस्था रहनुपर्ने ।

(ड) राज्यको हरेक संरचनामा महिला र पुरुषको जनसंख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनुपर्ने ।

(ढ) लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपालको प्रमुख बाधक निरंकुश राजतन्त्र रहेको र राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधि सभामा रहने गरी १२ बुँदे समझदारी र प्रतिनिधि सभा घोषणा २०६३ ले तय गरिसकेको स्थितिमा संविधानमा राजालाई स्थान दिनु उपयुक्त नभएको र राजतन्त्रको औचित्य समेत समाप्त भैसकेको हुँदा संविधानमा ‘राजा’ को उल्लेख गरिनु हुँदैन ।

| | | |
|---|---|---|
| .................... | ............................ | .......................... |
| (१) खिमलाल देवकोटा | (२) सुशिला कार्की | (३) शान्ति राई |
| .......................... | ............................ | ......................... |
| (४) कुमार योञ्जन तामाङ्ग | (५) परशुराम झा | (६) चण्डेश्वर श्रेष्ठ |